

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २८० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० कार्तिक ४ गते शनिवार ❑ 21 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-



## हार्दिक मंगलमय शुभकामना

विजयादशमी-२०८० को अवसरमा हामी हाम्रा समस्त पाठक, ग्राहकवर्ग, लेखक, विज्ञापनदाता, शुभेच्छुक एवं सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सम्बृद्धि र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

फेवा प्रकाशन प्रा.लि., पोखरा

पोखरापत्र दैनिक परिवार


अबको अंक कार्तिक १२ गते आइतबार प्रकाशित हुनेछ ।

## पोखराबाट एकै दिन १० हजार यात्रु बाहिरिए

**पोखरापत्र संवाददाता**
पोखरा, ३ कार्तिक

यस बर्षको सबै भन्दा धेरै यात्रु शुक्रबार पोखराबाट बाहिरिनु भएको छ । यस पालीको वडा दशैंको अवसरमा पोखरा क्षेत्रबाट एकै दिनमा करिब १० हजार जना बाहिरिनु भएको व्यवसायीहरुले दाबी गर्नु भएको हो ।



दशैं टिकाको दिन नजिकीदै गर्दा सप्तमी पर्वको अघिल्लो दिन शुक्रबार प्रायः दशैं पर्वसम्मको लागि सार्वजनिक बिदा भएकोले गर्दा शुक्रबार एकै दिनमा बर्षकै अत्याधिक बढी करिब १० हजार जना पोखराबाट बाहिरिनु भएको पृथ्वीराजमार्ग बस संचालक कम्पनी प्रा.लि.का अध्यक्ष योगेन्द्र केसीले दाबी गर्नु भयो। गण्डकी प्रदेशको राजधानि पोखरामा विभिन्न काम तथा रोजगार एवं पेशा व्यवसाय गर्दै आएका व्यक्तिहरु आफ्नो थाक थलो (जन्मस्थल) मा दशैमा जानको लागि शुक्रबार बिहान देखि बेलुकासम्म लामो तथा छोटो दुरीका यात्रु बाहक बसमा यात्रा गर्नेहरुको भिड भएको उहाँले जनाउनु भयो। यातायात व्यवसायिहरुले नेपालीहरुको महान पर्व विजया दशमी तथा शुभ-दिपावलीको अवसरमा यात्रु बाहक बसको अग्रिम टिकट बुकिङ खुल्ला गरे पनि पहिलाको जस्तो उत्साह नदेखिए पनि शुक्रबार भने अपेक्षाकृत यात्रुहरुको चहल पहल भएको अध्यक्ष केसीले बताउनु भयो। ५ प्रतिशत जसो अग्रिम टिकट बुकिङ नभएको अबस्थामा पनि आफुहरुले व्यबस्थापन मिलाएको उहाँले जनाउनु भयो । शुक्रबार मात्र करिब अन्य क्युको तुलनामा दोब्बर भन्दा पनि बढीको संख्या करिब ८ सय भन्दा बढी यात्रु बाहक बस तथा हाइस माइक्रो बस सेवा संचालन गरिएको प्रा.लि.ले जनाएको छ । शनिबार सप्तमी पर्व भएकोले भोलिको पनि उत्तिकै यात्रुको चाप माग भएको अध्यक्ष केसीले बताउनु भयो। प्रा.लि.संग ७ वटा प्रदेशका २७ स्थानमा पुग्ने करिब १ हजार ३ सय वटा बस तथा हाइस माइक्रो बस रहेको प्रा.लि.ले दाबी गरेको छ । विभिन्न ठाँउबाट कामको शिलशिलामा विभिन्न जिल्ला पुगेकाहरु आफ्नो घर फर्किने दशैंको दिन नजिकीदै जादा यातयात व्यवसायिहरुले सुविधा दिने उद्धेश्यले अग्रिम टिकट बुकिङ खुल्ला गर्नु भएको थियो । यसैबिच, पर्यटक बस संचालन गर्ने संस्था नाट्टा गण्डकीले दशैं पर्व लक्षित गरी यस बर्ष करिब ८० प्रतिशत यात्रु बाहक बस तथा माइक्रो बस संचालन गरेको छ । कोभिड १९ पछि करिब ५० प्रतिशत मात्र आफ्ना सवारी साधनहरु संचालन भएको अबस्थामा हाल यात्रुको माग र चाप अनुसार हाल ८० प्रतिशतसम्म बसहरु संचालन गरेको नाट्टा गण्डकीका अध्यक्ष हरिराम अधिकारीले बताउनु भयो । हाल पोखराबाट काठमाण्डौं तर्फ जादा ५ प्रतिशत र काठमाडौंबाट पोखरा तर्फ आउदा भने शतप्रतिशत अग्रिम सिट बुक भएको उहाँले दाबी गर्नु भयो । अष्टमी पर्वसम्मको लागि अग्रिम टिकट बुकिङ भएको अध्यक्ष अधिकारीले जनाउनु भयो । नाट्टा गण्डकीमा करिब ६० वटा साना ठुला गरी यात्रु बहाक पर्यटक सवारी साधनहरु रहेका छन्। करिब २० देखि २५ प्रतिशत जसो व्यक्ति आफ्नै निजी तथा संस्थागत सवारी साधनबाट समेत यात्रा गर्ने गरेको व्यवसायीहरुले बताउनु भएको छ।

## सप्तामीको अघिल्लो दिनमा पोखराका बजारमा चहल पहल बढ्यो

**पोखरापत्र संवाददाता**
पोखरा, ३ कार्तिक



दशैं पर्वको अवसर (सप्तमीको अघिल्लो दिन) मा पोखरा क्षेत्रमा चहल पहल बढेको छ । नेपालीहरुको महान चाडै दशैं टिकाको दिन नजिकीदै गर्दा पोखरेलीहरुले दशैं पर्व लक्षित गरी दैनिक उपभोग्य बस्तु खरिद गर्न पलसहरुमा पुगेका कारण बजारमा चहल पहल बढेको हो ।

शुक्रबारदेखि अधिकांश सरकारी निकाय देखि निजी बिभिन्न संघ संस्थाहरु समेत दशैं पर्वको लागि बिदा भएको हुनाले पनि किनमेल गर्न सेवाग्राहीहरु बजारमा निस्कदा बजारमा चहल पहल बढेको व्यवसायीहरु बताउनु हुन्छ । केही व्यक्तिहरु आफ्नो जन्मथलो तर्फ लागेको हुनाले बसपार्क क्षेत्रमा उत्तिकै भिडभाड भएको पृथ्वीराजमार्ग बस संचालक कम्पनीका अध्यक्ष योगेन्द्र केसीले बताउनु भयो । अन्य दिनको तुलनामा आजको दिनमा पोखराबाट बाहिरिनेहरुको संख्या रामै भएको दाबी गर्दै उहाँले हाल यातायात व्यबस्थापन गर्न व्यस्त भएको त्यसको आधिकारीक तथ्याङ्क ठ्याक्कै भन्न नसक्ने जनाउनु भयो । समितिले केही समय अघि देखि पोखरा देखि ७ वटै प्रदेशका २७ स्थानमा जानको लागि अग्रिम टिकट खुल्ला गरिएको उहाँले जनाउनु भयो। पोखराको बसपार्क क्षेत्रमा यात्रुहरुको उत्तिकै भिडभाड बिहानै देखि सुरु भएको कम्पनीले जनाएको छ । अघिल्ला बर्षको तुलनामा यसपाली दशैंको केही दिनको लागि भए पनि पोखराका मुख्य बजार क्षेत्रमा किनमेल गर्नेहरुको हाल ह्वात्तै चहलपहल बढेको पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष पवन प्रजापतीले बताउनु भयो । पोखराको मुख्य बजार क्षेत्र महेन्द्रपु, चिप्लेढुङ्गा, न्यूरोड, नयाँबजार, पृथ्वीचोक, लेकसाइड, पालिखेचोक, बगर, पार्दी अम्मरसिंहचोक लगायतका क्षेत्रमा दशैंको किनमेल गर्नेहरुको भिडभाड बढेको उहाँले दाबी गर्नु भयो। पोखराका मुख्य व्यापारीक क्षेत्रमा ट्राफिक जाम समेत हुन थालेकोले त्यसलाई व्यबस्थापन गर्न जिल्ला ट्राफिक कार्यालयको टोली खटिएको छ।

उहाँले भन्नु भयो " दशैं पर्वमा मिठो खाने र राम्रो लगाउने यो हाम्रो परम्परा देखि चल्दै आएको मान्यताको आधारमा सकि नसके आफ्नो गच्छे अनुसार किनमेल गर्नेहरुको भिड भएको छ, तर पहिला ५ हजार खर्च गर्ने व्यक्तिले हाल १ हजार खर्च गर्न पनि अप्ठ्यारो मान्नु भएको छ।" दशैंको मुखमा २/४ दीन मात्र हल्का सामानहरु खारिद बिक्रिको लागि बजारमा पहल पहल भए पनि पहिलाको तुलनामा खासै धेरै व्यापार नभएको अध्यक्ष प्रजापतीको बुझाई छ।

पोखराका अधिकांश व्यपारीहरुले ग्राहकहरुको मन जित्न र आफ्नो व्यापार गर्न बिषेश छुट दिन थालेका छन्। पोखरा क्षेत्रको मुख्य बजार क्षेत्रमा हाल मन्द व्यापार भएको छ भने केही ठाँउहरुमा व्यवसायीक सटरहरु अझै पनि घरनिहरुले सटर भाडामा छ भनी वोर्ड टाँस्न क्रम रोकिएको छैन् । केही व्यावसायीहरुले ६ प्रतिशतसम्म बिषेश छुटमा समान बिक्रि गर्न थालेका छन् । अघिल्ला बर्षको तुलनामा यस बर्ष बजारमा केही दिन भिडभाड भए पनि ३ प्रतिशतको हाराहारीमा मात्र व्यापार भएको नेपाल उधोग बाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष अमृत भट्टचनले बताउनु भयो । कोरोना त्यसबाट उत्पन्त भएको आर्थिक मन्दिर र सरकारको व्यवसायीक मैत्रि निती अभावका कारण अहिले देशको अर्थतन्त्र धरासी हुदै व्यवसायीहरु बिस्थापित हुन थालेको उहाँले बताउनु भयो । दशैं तथा तिहारसम्म केही व्यवसायीहरुले पर्ख र हेरेको अबस्थामा रहेको अध्यक्ष भट्टचनले बताउनु भयो। अहिलेको अबस्थामाराज्यलेव्यवसायीहरुको लागि केही न केही राहत तथा प्रोत्साहन हुने कार्यक्रमहरु ल्याउन आवश्यक भएको बताउदै उहाँले राज्यले यस बिषयमा समयमै नसोचे अब निजी क्षेत्रले आन्दोलन गर्ने चेतावनी दिनु भएको छ । अधिकांश साना र फेन्सि पसलहरुमा मानिसहरुको प्रायः बडी भिडभाड भएको देखिन्थ्यो ।

## पोखराबाट सर्वसाधारणको लागि २१ करोड नयाँ नोट सटही

**पोखरापत्र संवाददाता**
पोखरा, ३ कार्तिक

पर्यटकीय नगरी पोखराबाट आम सर्वसाधारणको लागि २१ करोड २५ लाख नयाँ नोट सटही गरिएको छ । सोमबार देखि सुरु गरेको नयाँ नोटको सटही शुक्रबारसम्म आइपुग्दा उक्त रकम नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले वितरण गरेको कार्यालयका उपनिर्देशक पुष्कर शुर्खालीले बताउनु भयो।



कार्यालयले शुक्रबार भने १ करोड ९५ लाख नयाँ नोट सटही गरेको हो । कार्यालयबाट विहिबार ४ करोड ६ लाख नयाँ नोट सटही गरेको उपनिर्देशक शुर्खालीले बताउनु भयो । नेपालीहरुको महान पर्व दशैं पर्वको अवसरमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले यस बर्ष आम सर्व साधारण र बैंक तथा विक्तिय संघ संस्थाहरुको लागि १ अर्ब ४ करोड ५० लाख रुपैया नयाँ नोट सटही गरेको उहाँले जनाउनु भयो । कार्यालयले यस बर्ष बैंक तथा विक्तिय संघ संस्थाहरुको लागि भने ८३ करोड २५ लाखको नयाँ नोट सटही गरेको उहाँले उल्लेख गर्नु भयो। नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार पोखराको कार्यालयबाट प्रति व्यक्ति १८ हजार ५ सयको नयाँ नोट सटही गरेको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक आर्या जोशीले बताउनु भयो । आम सर्वसाधारणको लागि भने गत बर्ष झै यस बर्ष पनि सानो नोट (५, १०, २०, ५० र १००) का एक/एक बण्डल सटहीको व्यबस्था गरिएको उहाँले जनाउनु भयो । नयाँ नोटको जतन गरी हिफाजत गर्न उहाँले आग्रह गर्नु भएको छ । नेपालीहरुको महान पर्व विजया दशमी पर्वको अवसरमा यस बर्ष १ अर्ब २३ करोड ४५ लाख नयाँ नोट सटही गर्ने योजना रहेको राष्ट्र बैंक पोखरा कार्यालयका उप–निर्देशक सम्झना ढकालले बताउनु भयो । नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले गत बर्ष १ अर्ब ५५ करोड २२ लाख रुपैया बैंक तथा विक्तिय संघ संस्था सहित आम सर्वसाधारणलाई नयाँ नोट सटही गरेको थियो । यस बर्ष आफुहरुसंग नयाँ नोटको धेरै स्टक नभएकोले माग अनुसार दिन नसके पनि सन्तुलित ढंगले वितरण गरेको उप–निर्देशक ढकालले बताउनु भयो। यस बर्ष सायद आर्थिक मन्दीले गर्दा ५ रुपैयाको नोटको माग अध्याधिक भएको राष्ट्र बैंकले जनाएको छ। शुक्रबार देखि अधिकांश सरकारी तथा गैरसरकारी संघ संस्थाहरुमा यस बर्षको दशैं पर्वको बिदा हुने भएकोले गर्दा बैक तथा विक्तिय संघ संस्थामा बिहानै देखि भिडभाड भएको थियो।

## चिकित्सा शिक्षा ऐन संशोधन प्रक्रियामा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ कार्तिक

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले चिकित्सा शिक्षा ऐन संशोधनको प्रक्रियामा रहेको बतानुभएको छ।

नेपाल किसान महासङ्घले पोखरामा आज आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा मन्त्री बस्नेतले चिकित्सा शिक्षा क्षेत्रका समस्या समाधानका लागि ऐन संशोधन गरेर अगाडि बढ्ने बताउनुभयो । उहाँले भन्नुभयो-"चिकित्सा शिक्षा ऐन संशोधन हुन्छ । यसलाई प्रधानमन्त्री र पार्टीका नेताले सकरात्मक रुपमा लिनुभएको छ । संशोधन प्रक्रिया अघि बढिसकेको छ।

मन्त्री बस्नेतले स्वास्थ्य क्षेत्रको विकृति अन्त्य गर्न कठोर नीति अवलम्बन गरिएको बताउनुभयो । उहाँले स्वास्थ्य क्षेत्रको सुधारका आफू प्रतिबद्ध रहेको दोहोऱ्याउनुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# 'दलहरूबीच नयाँ सहकार्य आवश्यक छ'

**पोखरापत्र संवाददाता**
पोखरा, ३ कार्तिक



नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का केन्द्रीय सचिव एवं गण्डकी प्रदेशका इञ्चार्ज देवेन्द्र पौडेलले पछिल्लो समय देशमा सामाजिक सद्भाव खलल पुऱ्याउने प्रयास गरिएको बताउनुभएको छ।

नेकपा (माओवादी केन्द्र) पोखरा महानगर समितिले विजया दशमी लगायतका विभिन्न पर्वहरुका अवसरमा आज पोखरामा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले अहिलेको व्यवस्था ल्याउनका लागि सहकार्य गरेका दलहरुबीच पुनः नयाँ प्रकारको सहकार्य आवश्यक भएको बताउनुभयो।

नेता पौडेलले भन्नुभयो, "अहिलेको व्यवस्था र प्रणालीलाई उल्टाउनका लागि केही तत्वले विभिन्न प्रकारले चलखेल गरेको र समाजलाई भड्काउँदै सामाजिक सद्भावमा खलल पुऱ्याउने प्रयास गरेको महसुस गरेका छौँ। त्यसका विरुद्ध अहिलेको प्रणालीका लागि सँगै लडेका शक्तिहरुबीच नयाँ प्रकारको सहकार्यको आवश्यकता छ।" समाजलाई भड्काउन खोज्नेका विरुद्ध एकताबद्ध भएर मात्र गणतन्त्र, सङ्घीयता र अहिलेको प्रणालीको रक्षा गर्न सकिने नेता पौडेलले बताउनुभयो। प्रतिनिधिसभाका सांसदसमेत रहनुभएका नेता पौडेलले धार्मिक सद्भाव र सामाजिक सहकार्यको वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो। देशको अबको बाटो भनेको सुशासनसहितको समृद्धि र सामाजिक न्यायसमितिको समाजवादी कार्यक्रम रहेको उहाँले उल्लेख गर्नुभयो। "हामी देशमा समृद्धि, सामाजिक न्याय र प्राप्त उपलब्धिको रक्षा गरेर मात्र सुशासनमा अघि बढ्न सक्छौँ। सामाजिक न्याय, सुशासन र समृद्धिका लागि अहिलेको सरकारले काम गरिरहेको। त्यसमा सबैको साथ र सहयोग आवश्यक छ", नेता पौडेलले भन्नुभयो।

गण्डकी प्रदेश सरकारका प्रवक्ता एवं ऊर्जा जलस्रोत तथा खानेपानीमन्त्री सरस्वती अर्याल तिवारीले निर्वाचनका समयमा जनताका बीच गरेका बाचा पूरा गर्नका लागि सरकारले काम गरिरहेको बताउनुभयो। उहाँले सङ्घीयताअनुसार आवश्यक कानुन निर्माण गरेर प्रदेश सरकारलाई अधिकार प्रत्यायोजित गर्नुपर्नेमा जोड दिनुभयो। पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले सङ्घ, प्रदेश र स्थानीय तीनै तहका सरकारको संयुक्त प्रयासबाट मात्र देशमा विकास र जनताका आवश्यकता पूरा गर्न सकिने बताउनुभयो।

कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरे, नेकपा (एमाले) का कास्कीका सचिव वैनबहादुर अधिकारी, नेपाली कांग्रेस कास्कीका सचिव भानुभक्त ढकाल, नेकपा (एकीकृत समाजवादी) का पोलिटब्युरो सदस्य श्रीनाथ बराल, नेकपा (माओवादी) पोखरा महानगरका इञ्चार्ज पारसमणि पौडेल, पोखरा महानगरका अध्यक्ष हरिनारायण गिरी(विज्ञान), उपाध्यक्ष भानुभक्त अधिकारी, सचिव जनकराज पराजुली, पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष पवनकुमार प्रजापति लगायतले आसन्न चाडपर्वले सामाजिक सद्भाव र एकता मजबुत बनाउने विश्वास व्यक्त गर्नुभयो।



पोखरामा बढे बाह्य पर्यटक

पोखराको फेवाताल रहेको बाराही मन्दिर दर्शन गरेर फर्कन डुङ्गा चढ्दै भारतीय पर्यटक। पछिल्लो समय पोखरा भारतीय पर्यटकको आगमन बढेको छ। तस्बिर : जमुनावर्षा शर्मा /रासस

# एनआरएनए निर्वाचन विवाद : अध्यक्षको परिणाम प्रतिस्पर्धीद्वारा अस्वीकार

**पोखरापत्र संवाददाता**
पोखरा, ३ कार्तिक

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)को अध्यक्षमा बद्री केसी निर्वाचित भए लगत्तै उत्पन्न भएको विवाद समाधान भएको छैन।

अध्यक्षमा केसी निर्वाचित भएको परिणाम आज विहान घोषणा भएपछि उहाँका प्रतिस्पर्धीद्वय महेश श्रेष्ठ र आर के शर्माले धाँधली भएको भन्दै उक्त मतपरिणामलाई अस्वीकार गर्नुभएको छ। उहाँहरूले आज विज्ञप्ति प्रकाशन गरी अध्यक्ष पदको परिणाम स्वीकार गर्न नसकिने बताउनुभएको हो।

"प्रविधिको प्रयोग गरी एनआरएनएको इतिहासमै पहिलो पटक गराइएको निर्वाचन स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित हुने हामीले अपेक्षा गरेका थियौँ, तर पूर्वनियोजित रूपमा सेटिङ गरी गरिएको कथित नतिजा घोषणा हामीलाई मान्य छैन", अध्यक्षका प्रत्यासी श्रेष्ठ र शर्माद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

अध्यक्षमा निर्वाचित केसीले एक हजार तीन सय ७८ मत प्राप्त गर्नुभएको छ। साथै अध्यक्षका प्रत्यासी आर के शर्माले एक हजार दुई सय ८१ र महेश श्रेष्ठले एक हजार दुई सय २५ मत प्राप्त गर्नुभएको घोषणा निर्वाचन समितिले गरेको थियो।

स ङ ् घ क ा ` उपाध्यक्षमा राज रेग्मी, विनोद श्रेष्ठ, हेमराज शर्मा, रोविन शेरचन, रामशरण सिंखडा, खगेन्द्र न्यौपाने निर्वाचित हुनुभएको छ भने महासचिवमा गौरीराज जोशी, उपमहासचिवमा सोम सापकोटा र प्रवीण गुरुङ निर्वाचित हुनुभएको छ।

उपाध्यक्ष पदका उम्मेदवार डा केशव पौडेलको मत शून्य देखाइएको भन्दै नतिजा अस्वीकार गरिएको हो। अष्ट्रेलियामा रहेको कम्पनी भेरोको अनलाइन प्रणाली ह्याक गरी धाँधली गरेको अध्यक्षका दुई प्रत्यासीको आरोप छ।

# ललितकला प्रज्ञा-प्रतिष्ठान र गण्डकी-प्रज्ञा प्रतिष्ठानले सहकार्य गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ कार्तिक



नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान र गण्डकी प्रज्ञा प्रतिष्ठानले सहकार्य गर्ने भएका छन्। शुक्रबार पोखरामा एक कार्यक्रमको आयोजना गरेर दूई प्रतिष्ठान बिच सहकार्य गर्ने सम्बन्धमा समझदारी पत्र (एम.ओ.यू.)मा हस्ताक्षर भएको छ। समझदारी पत्रमा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव देवेन्द्र कुमार काफ्ले थुम्केली र गण्डकी प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव मन कुमार श्रेष्ठले हस्ताक्षर गरेका छन्।

अब दुई प्रतिष्ठान मिलेर चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला, वास्तुकला र अन्य सिर्जनात्मक कला समेत समेटी मुलुकभर ती कला बिधाहरुको विकास, प्रबर्धन र सम्बर्धनका लागि काम गर्नेछन्।

समझदारी पत्र हस्ताक्षर कार्यक्रममा बोल्दै वरिष्ठ कलाकार दुर्गा बराल वात्स्यायनले विगतमा ललितकला क्षेत्र पछाडि परेपनि यसको छुट्टै विभागको रुपमा ललितकला प्रज्ञा प्रतिष्ठानको स्थापना भएपछि यो क्षेत्रमा आवद्ध कलाकारलाई केही सहजता भएको बताए। ललितकला प्रज्ञा प्रतिष्ठान स्थापना र हालसम्म भएका केही गतिविधिको बारेमा समेत बोलेका उनले समझदारीसँगै गण्डकी प्रदेशमा ललितकला क्षेत्रमा नयाँ आयाम आउने विश्वास व्यक्त गरें। नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव देवेन्द्र कुमार काफ्ले थुम्केलीले केन्द्रमा मात्र बढी चलायमान भएको ललितकलालाई विकेन्द्रित गर्दै सातै प्रदेशमा लैजाने योजना अनुसार गण्डकी प्रज्ञा प्रतिष्ठानसँग समझदारी गरिएको बताए। समझदारीसँगै गण्डकी प्रदेशमा कला क्षेत्रमा गर्ने काम साझेदारी ढंगले गर्ने काम गरिने उनले बताए। यो वर्ष सातै प्रदेशमा प्रादेशिक प्रदर्शनी गर्ने तयारी आफूहरुको रहेको उनले खुलाए। ललितकला क्षेत्र अरु क्षेत्र जसरी तल्लो तहसम्म पुग्न नसकेको बताउँदै त्यसमा केही सिमाहरु रहेको उनले बताए। 'यो वर्ष सातै प्रदेशमा प्रादेशिक प्रदर्शनी गर्ने तयारी गरेका छौं, बुझाई र गराईका कमीलाई सुधार्दै ललितकला क्षेत्रलाई तलैसम्म लैजाने लक्ष्य अनुसार गण्डकी प्रज्ञा प्रतिष्ठानसँग मिलेर काम गर्न समझदारी गरेका हौं' उनले भने। गण्डकी-प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले एम.ओ.यू. सम्झौता सँगै गण्डकी प्रदेशको ललितकला क्षेत्रमा नयाँ रौनकता थपिने बताए। उनले गण्डकी प्रदेशलाई ललितकलाको क्षेत्रमा कता मोड्ने भन्ने कुराको चाबी कलाकारको हातमा भएकोले यसमा कलाकारको साथ आफूहरुलाई आवश्यक पर्ने समेत सुनाए। तीहार पछाडि १६ दिने कला प्रदर्शनी आयोजना गर्ने तयारी गरिएको र त्यो प्रदर्शनीमा दूई प्रतिष्ठानको अलावा सिर्जनशिल कलाकार समुहको सहकार्य रहने श्रेष्ठले खुलाए। प्रदर्शनीको माध्यमबाट आर्ट ग्यालरी पोखरामा कहाँ छ भनेर चिन्ने अवसर पाउने, राज्यका निकायमा काम गर्नेलाई पनि चित्रको बारेमा बुझ्ने अध्ययन गर्ने अवसर पाउने उनको भनाई छ। ललितकला क्षेत्रमा धेरैं विद्यालयका विद्यार्थीको रुचि समेत भएकोले उनीहरुमाझ यो क्षेत्रमा लागेका कलाकारलाई चिनाउने अभिलाषा आफुहरुको रहेको उनले खुलाए।

गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्चीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा बोल्दै उनले नेपालका सबै प्रज्ञा-प्रतिष्ठानसँग सहकार्य गरेर काम गर्ने योजना अनरुप नै समझदारी गरिएको बताए। यो समझदारीसँगै ललितकला क्षेत्रका विभिन्न गतिविधि गण्डकी प्रदेशमा सञ्चालन गरिने उनको भनाई थियो। एम.ओ.यू. सम्झौतासँगै अब दूई प्रतिष्ठान मिलेर ललितकलाको अध्ययन अनुसन्धान, कला कार्यशाला, प्रशिक्षण, तालिम, गोष्ठीहरुमा सहकार्य गर्ने, ललितकला नीति, अनुसन्धान, अनुगमन, मूल्यांकन तथा तत्सम्बन्धी सार्वजनिक नीति र सम्बन्धित विषयमा संवाद गर्ने, संयुक्तरुपमा ललितकला सम्बन्धी खोज-अनुसन्धान र प्रकाशन लगायतका कार्य गर्नेछन्।

यसैगरी संयुक्तरुपमा राष्ट्रिय, प्रादेशिक तथा पालिकास्तरका ललितकला प्रदर्शनी गर्ने, संग्रहालय, कलादीर्घा (ग्यालरी) निर्माण, पार्क, मूर्ति बगैंचा, स्मारक, स्तम्भ, सहरको सौन्दर्यकरण आदि कार्यमा सहकार्य गर्ने, ललितकला सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कला प्रदर्शनी, गोष्ठी, कार्यशाला, कलाकार आदानप्रदान जस्ता कार्यक्रमहरुमा सहकार्य गर्ने सम्झौता पत्रमा उल्लेख छ।

# उपभोक्तालाई थप सहुलियत दिन खाद्यले घटायो खसी बोकाको मूल्य


**रासस**
काठमाडौं, ३ कार्तिक

सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले उपभोक्तालाई थप सहुलियत प्रदान गर्न खसीबोका तथा च्याङ्ग्राको मूल्य घटाएको छ।

कम्पनीले जीउँदो खसीबोका तथा च्याङ्ग्राको मूल्यमा प्रतिकिलो रु १० छुट दिएको हो। कम्पनीले आजदेखि जीउँदो खसीबोका प्रतिकिलो रु छ सय ५० तथा च्याङ्ग्रा प्रतिकिलो रु एक हजार दुई सय २५ मा बिक्री गर्न थालेको छ। खाद्यले यसअघि जीउँदो खसीबोका प्रतिकिलो रु १० छुट दिएर रु छ सय ७० तथा च्याङ्ग्रा रु एक हजार दुई सय ५० मा बिक्री गर्दै आएको थियो। पशुचौपायाको खरिदबिक्रीमा उपभोक्ताको उल्लेख्यसहभागितानदेखिएकोर लामो समयसम्म खसीबोका तथा च्याङ्ग्रा पाल्दा खर्च बढ्ने भएकाले मूल्य घटाएर बिक्री गर्न लागिएको कम्पनीले जनाएको छ। उपभोक्तालाई थप सहुलियत दिने उद्देश्यले जीउँदो खसीबोका तथा च्याङ्ग्राको मूल्य घटाइएको कम्पनीको सूचना अधिकारी शर्मिला न्यौपाने सुवेदीले बताउनुभयो। खाद्यले गत असोज ३० गतेदेखि थापाथलीस्थित बागमती प्रादेशिक कार्यालयबाट खसीबोका तथा च्याङ्ग्रा बिक्री गर्दै आएको छ।

खाद्यले मकवानपुर, दाङ र कैलालीबाट एक हजार छ सय ५८ खसीबोका तथा रसुवाबाट पाँच सय ५४ च्याङ्ग्रा खरिद गरेर ल्याएको थियो। हालसम्म छ सय ३० वटा मात्रै खसीबोका तथा च्याङ्ग्रा बिक्री भएको कम्पनीले जनाएको छ। अझै एक हजार पाँच सय ८२ खसीबोका बिक्री हुन बाँकी छ। फुलपाती र अष्टमीमा खसीबोका तथा च्याङ्ग्राको बिक्री हुने गर्छ। "आज, फूलपाती र अष्टमीमा खसी बोकाको बिक्री हुने हो, लामो समयम्म राख्दा दानापानी तथा स्याहार सुसारमा खर्च गर्नुपर्ने अवस्था आउने भएकाले उपभोक्तामूल्यमाथपछुटदिइएको हो", सूचना अधिकारी न्यौपानेले भन्नुभयो। काठमाडौँ उपत्यकामा उपभोक्तालाई सहुलियत मूल्यमा स्वस्थ खसीबोका तथा च्याङ्ग्रा उपलब्ध गराई मासुजन्य पदार्थको मूल्य स्थिरीकरण गर्ने उद्देशयले कम्पनीले खसीबोका बिक्री गर्दै आइरहेको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# च्याङ्ग्राको विकल्पमा स्थानीय खसीबोका

पोखरापत्र संवाददाता
बागलुङ, ३ कार्तिक

पचास हजार पर्ने मुस्ताङ्गी च्याङ्ग्रा जो कसैको क्षमताभित्र रहँदैन । बडादसैंमा मीठो मसिनो खाने चलन भए पनि प्रतिकेजी रू दुई हजार पाँच सय केजीमा पाइने च्याङ्ग्राको मासु सबैको भान्सामा नपाक्न सक्छ ।

यस पटक हिमालपारिको जिल्ला मुस्ताङबाट थोरै मात्रामा भेडाच्याङ्ग्रा निर्यात भएको छ । माग उच्च भएपछि भाउ बढेकाले थोरै मात्र भेडाच्याङ्ग्रा निर्यात भएको हो । चीनबाट च्याङ्ग्रा मुस्ताङ नआएपछि अहिले मुस्ताङबाट सात हजारको हाराहारीमा भेडाच्याङ्ग्रा बाहिरिएका छन् । बागलुङमा समेत मुस्ताङ्गी च्याङ्ग्रा बिक्रीका लागि ल्याइए पनि थोरै मात्रामा बागलुङ भित्रिएका हुन् । च्याङ्ग्राको मूल्य बढेपछि यहाँका स्थानीयहरूको आकर्षण स्थानीय खसीबोकामा छ ।

दसैंतिहारमा च्याङ्ग्राको मासु खाने प्रचलन भए पनि भाउ भने छोई साध्य नभएकाले स्थानीय खसीबोकाको जोहो गरेको स्थानीय रणबहादुर कार्कीले बताउनुभयो । "रू एक हजार एक सय ५० प्रतिकेजीमा स्थानीय खसीको मासु रोजेर पाइन्छ । किन च्याङ्ग्रा चाहियो? स्थानीय खसीबोका भए पनि दसैं मनाउन पाए हुन्छ", उहाँले भन्नुभयो, "मासुमा आत्मनिर्भर भइसकेको जिल्लामा दसैंको समयमा मात्र आयत हुने च्याङ्ग्रा धेरै पैसा हुनेका लागि हो ।"खसीको मूल्यभन्दा दोब्बर बढी मूल्य च्याङ्ग्राको मासुको पर्ने भएकाले यहाँका स्थानीयले गाउँगाउँमा उत्पादन गरेका खसीबोका खरिद गरेर दसैं मनाउ थालेका हुन् । अहिले च्याङ्ग्राको मासुलाई प्रतिकिलो रू दुई हजार पाँच सयमा बिक्री गर्दासमेत नाफा कमाउन मुस्किल हुने बागलुङका मासु व्यापारी बलबहादुर थापाले बताउनुभयो । उहाँले च्याङ्ग्रा काटेर बिक्री गर्दा कम नाफा हुने भएपछि प्रतिगोटा रोज्जा च्याङ्ग्रालाई ५० हजारमा बिक्री गर्दै आउनुभएको हो । थापाले एक सय ५१ च्याङ्ग्रा मुस्ताङबाट लिएर बागलुङ बजारमा बिक्री गरिरहनुभएको छ ।

च्याङ्ग्राको मूल्य निकै महङ्गो भएपछि खसी बोकाको माग उच्च देखिएको स्थानीय बताउँछन् । बागलुङ बजारमा रायडाँडा, ताराखोला, तङ्ग्राम, गलकोट लगायतको क्षेत्रमा उत्पादन भएका खसीबोकाको मासु बिक्री भइरहेको छ । च्याङ्ग्राको मूल्यमा तीनवटासम्म बोका खरिद गर्न सकिन्छ ।

दसैंमा स्थानीय जातका कुखुरा पनि खपत हुने गरेका छन् । च्याङ्ग्राको विकल्पमा खसीबोकाको मासु नै बिक्री गर्न भ्याइनभ्याइ भएको कृष्ण फ्रेस हाउसका सञ्चालक कृष्ण खड्काले बताउनुभयो । अहिले बागलुङ बजारमा मुस्ताङका च्याङ्ग्रा, रुकुम पश्चिमसम्मका भेडाहरू आएका छन् । उपभोक्ताले च्याङ्ग्राको विकल्पमा स्थानीय भेडा, खसी तथा बोका खोज्न थालेका छन् । यस वर्ष बागलुङमा जम्मा तीन सय च्याङ्ग्रा भित्रिएको हुनसक्ने उहाँको भनाइ थियो ।



योग अभ्यास गर्दै पर्यटकः

पोखरा महानगरपालिका-११ काँहुडाँडामा शुक्रबार बिहान योग अभ्यास गर्दै विदेशी पर्यटक । पोखरामा पछिल्लो समय विदेशी पर्यटकको चहलपहल बढ्दै गएको छ ।

तस्बिरः राधिका कँडेल/रासस

# डाँडा र चौतारा सुनसान : हराउँदै लिङ्गे पिङ

पोखरापत्र संवाददाता
बागलुङ, ३ कार्तिक

केही वर्ष अगाडिसम्म दसैं नजिकिएसँगै गाउँमाथिका डाँडा र चौतारामा थुप्रै लिङ्गे पिङ देखिन्थे । बाँसका बाला र बाबियोको लुठो बाटेर पिङ बनाउने समूह पनि धेरै हुन्थे । पिङमा गाउँका आफन्त, इष्टमित्र र कुटुम्ब जम्मा भएर रमाइले गर्ने प्रचलन थियो । वर्षौंदेखि टाढा रहेका आफन्तलाई पिङ भेट गराउने माध्यम बन्थ्यो । दसैं सुरु भएदेखि तिहार नसकिँदासम्म डाँडा र चौतारामा पिङ हुन्थे । तर अहिले ती डाँडा र चौतारा सुनसान हुन्छन् । अचेल गाउँमा पिङ बनाउन छोडेपछि बाँसघारी झाँगिदै छन् भने भिरको बाबियो पनि प्रयोग हुन छोडेको छ । कोही पनि वनमा पुगेर बाबियो ल्याएर डोरी पनि बाट्दैनन् । गाउँमा पिङका लागि लुठो बाट्ने सीप भएका पनि भेटिँदैनन् । दसैंको मौलिकतासँग जोडिएको लिङ्गे पिङ बिना दसैंको रौनक कम हुने गरेको स्थानीयको भनाइ छ । बडिगाड गाउँपालिका-४ का ६७ वर्षीय रिनबहादुर थापाले युवापुस्ताले आधुनिक कला संस्कृतिलाई अँगाल्न लागेपछि लिङ्गे पिङ बनाउनेप्रति चासो घटेको बताउनुभयो । वर्षमा एक चोटी धर्ती छाड्नुपर्छ भन्ने जनविश्वास रहँदै आए पनि आजभोली गाउँमा पिङ हाल्न छोडिएको थापाले बताउनुभयो । मेला महोत्सवमा राखिने आधुनिक प्रविधिको पिङ खेल्न पाइने भएपछि परम्परागत लिङ्गे पिङप्रति चासो हराउन थालेको क्षेत्रीले बताउनुहुन्छ । पिङसँगै अन्य कला, संस्कृति र परम्परा हराउँदै गएको उहाँको भनाइ छ । थापाले दसैं आउनुभन्दा एक साता पहिलेनै गाउँमाथिको डाँडामा मान्छेहरु जम्मा भएर बाँसको लिङ्गा गाड्ने र बाबियो काटेर लुठो बाट्ने गरेको स्मरण गर्दै अहिले त्यो परम्परा सङ्कटमा परेको बताउनुभयो ।

"हाम्ले पिङ हालेर खेल्ने, रमाइलो गर्ने ती डाँडा र चौतारा अहिले सुनसान छन्, हामीहरु बुढो भइयो, बाब्बो (बाबियो) को लुठो बाट्न त जानेको छु तर बाँस काटेर ल्याएर पिङ बनाउन सक्दैन, हाम्रा बाउबाजेले वर्षमा एक चोटी धर्ती छाड्नुपर्छ भन्नुहुन्थ्यो, यही मान्यता राखेर दसैंमा पिङ हाल्ने र खेल्ने गरिन्थ्यो, अहिले पिङ पनि हाल्दैनन्, पिङ नखेलेपछि धर्ती छोड्ने कुरै भएन", उहाँले भन्नुभयो, "समय र जमाना फेरिएसँगै मान्छेको आनीबानी पनि फेरियो, मेला महोत्सव लाग्यो भने आधुनिक प्रविधिको बिजुलीबाट चल्ने पिङ खेल्ने गर्छन्, लिङ्गे पिङ त देख्न पनि छोडियो, पाँच/छ वर्ष पहिलासम्म त जताततै देख्न पाइन्थ्यो, अहिले कतै बनाउँदैनन् ।" गलकोटन नगरपालिका-३ का ७१ वर्षीय पदमबहादुर केसीले पिङले आफन्त र धेरै समयदेखि छुटेका सङ्गीसाथीसँग भेटाउने र आत्मीयता बनाउने काम गर्ने बताउनुभयो । दसैंका बेला गाउँमा वर्षौंदेखि छुटेका आफन्तको भेट हुने, सुख, दुःख र बेदनाका कुरा गर्ने अवसर पिङले जुराउने उहाँको भनाइ छ । पिङ बनाउँदा बाबियो गाँसेर बलियो लुठो बनाए जसरी सम्बन्ध पनि त्यसरीनै बलियो बन्ने मान्यता रहेको केसी बताउनुहुन्छ । आफ्नो पालामा तन्नेरीले पिङ हालेपछि तरुनीले धजा बन्ने र पछि गएर उनीहरुको विवाहसमेत हुने गरेको सुनाउनुभयो । पिङमा बाँधेको धजाले सम्बन्धलाई बलियो बनाउने जनविश्वास रहेको भन्दै पिङ हाल्ने र धजा बाँध्ने प्रचलन चल्दै आएको उहाँको भनाइ छ । "दसैं आयो, तर पिङ बिनाको दसैं त त्यति रमाइलो लाग्दैन, पहिले एउटै गाउँमा पाँच/छ वटा पिङ बनाउँथे, अहिले एउटा पनि बनाउँदैनन्", उहाँले भन्नुभयो ।

केसीले पछिल्लो समय निर्माण भएका सडकले पहिले पिङ हाल्ने चौतारा र डाँडा भत्काएर कुरुप बनाएको बताउनुभयो । अहिले सहज बजारमा बनेका आधुनिक पिङको विकासले परम्परागत पिङ ओझेलमा परेको उहाँको भनाइ छ ।

# हल गोरु पाल्ने किसानलाई पोषण अनुदान

पोखरापत्र संवाददाता
दमौली, ३ कार्तिक

तनहुँको म्याग्दे गाउँपालिकाले हल गोरु पाल्ने किसानलाई प्रोत्साहनस्वरुप पोषण अनुदान वितरण गरेको छ । गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ को 'हलगोरु पोषण अनुदान कार्यक्रम'अन्तर्गत हल गोरु पाल्ने किसानलाई अनुदान वितरण गरेको हो ।

पालिकाले सातवटै वडाका किसानलाई एक हल गोरुबापत जनही रू चार हजारका दरले रकम वितरण गरेको पशु सेवा शाखा प्रमुख डा विनय शाहले जानकारी दिनुभयो । उहाँका अनुसार सबै वडाका गरी तीन सय ६७ कृषकलाई रू १४ लाख ६८ हजार रकम वितरण गरिएको छ । वडा नं १ का एक सय चारलाई रू चार लाख १६ हजार, वडा नं २ का २९ लाई रू एक लाख १६ हजार, ३ का नौ जनालाई रू ३६ हजार, ४ का ४२ लाई रू एक लाख ६८ हजार, ५ का ५३ जनालाई रू दुई लाख १२ हजार, ६ नं वडाका ७१ लाई रू दुई लाख ८४ हजार र ७ नंका ५९ लाई रू दुई लाख ३६ हजार वितरण गरिएको शाहले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "वडाबाट प्राप्त विवरणको आधारमा वडागतरूपमा लाभान्वित हुने कृषकका लागि दसैंमा रकम प्रदान गर्ने योजनाबमोजिम उक्त रकम वितरण गरिएको हो ।" उक्त कार्यक्रम सञ्चालन गरिएपछि यसतर्फ किसानको आकर्षण बढेको शाहको भनाइ थियो । गत आवमा गाउँपालिकाले यही कार्यक्रमबापत रू १० लाख वितरण गरेको थियो । त्यतिबेला हल गोरु पाल्ने किसानको सङ्ख्या दुई सय ५० थियो । उहाँका अनुसार यो आवमा एक सय १७ किसान बढेका छन् । पछिल्लो समय गोरु पाल्ने प्रचलन हराउँदै जान थालेपछि पालिकाले हल गोरु पाल्ने किसानलाई प्रोत्साहन रकम उपलब्ध गराउन थालेको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो । गोरु पाल्ने क्रम घट्दा जग्गा बाँझो हुने क्रम बढेपछि किसानलाई प्रोत्साहनका लागि रकम वितरण गरिएको उहाँको भनाइ थियो । "गोरु पाल्ने प्रचलन घट्दै जाँदा खेतबारी बाँझो हुन थालेपछि जग्गा बाँझो हुन नदिनका लागि पनि यो कार्यक्रम ल्याइएको हो", अध्यक्ष श्रेष्ठले भन्नुभयो, "प्रोत्साहन रकमले गोरु पाल्ने किसान अझै बढ्ने विश्वास गरेका छौं । गोरु पाल्ने क्रम बढ्दा खेतबारी बाँझो रहँदैन ।" गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले गोरुको प्रोत्साहनका लागि उपलब्ध गराइएको रकम गोरुको पोषणका लागि खर्च गर्न किसानलाई आग्रह गर्नुभयो ।

# बेनी अस्पताल : बिदाका दिन पनि बहिरङ्ग सेवा

रासस
म्याग्दी, ३ कार्तिक

बेनी अस्पतालको बहिरङ्ग विभागमा बिहीबार बिहान ८ बजे आउनुभएका म्याग्दीको बेनी नगरपालिका-६का खड्गबहादुर विकले तत्कालै स्वास्थ्य परीक्षण गराएर घर फर्कनुभयो ।

"दिनभरि लाइन बस्नुपर्छ भनेर टिकट लिन बिहानै आएको थिए", उहाँले भन्नुभयो, "ओपिडिमा बिहानै डाक्टरले स्वास्थ्य परीक्षण गरेर सिफारिस गरेको औषधि लिएर एकै घण्टामा घर फर्किन पाए ।" बेनीमा व्यवसाय गर्दै आउनुभएका जलजला गाउँपालिका-३ का जीवनबहादुर भण्डारी पनि बिहानको समयमा अस्पतालमा पुगेर स्वास्थ्य परीक्षण गराउन पाउँदा दङ्ग पर्नुभयो । "सरकारी अस्पतालको बहिरङ्ग विभागको सेवा अतिरिक्त समयमा पाएपछि निजी क्लिनिकमा जानु परेन", उहाँले भन्नुभयो, "कार्यालय समयमा फुर्सद नपाउने सेवाग्राहीलाई सहज भएको छ । धेरै लाइन बस्नु पनि परेन ।" बेनी अस्पतालले अतिरिक्त समय र सार्वजनिक बिदाका दिनमामा बहिरङ्ग सेवा प्रवाह गर्न थालेपछि सर्वसाधारणलाई राहत मिलेको छ । बिहान ९ देखि दिउँसो ४ बजेसम्म मात्र सञ्चालन हुँदै आएको बहिरङ्गको सेवा प्रवाह हुने समय अवधि दैनिक छ घण्टा थपिएको हो । बिहान ७ देखि साँझ ८ बजेसम्म बहिरङ्ग कक्षबाट सेवा दिन थालिएको अस्पतालले जनाएको छ ।

गत असोज २१ गतेदेखि परीक्षणका लागि सुरु गरिएको अतिरिक्त समयमा प्रवाह हुने सेवालाई बिहीबारदेखि औपचारिक रुपमा निरन्तरता दिइएको अस्पतालका प्रमुख डाक्टर अञ्जु थापाले बताउनुभयो । "एक हप्ता परीक्षण गरेर अतिरिक्त समयमा बहिरङ्ग कक्षको सबै सेवा सञ्चालन गरेका छौं", उहाँले भन्नुभयो, "दैनिक ६० जना भन्दा बढीले अतिरिक्त समयमा सेवा लिनुहुन्छ ।" कार्यालय समयमा अस्पतालमा लाइन बसेर सेवा लिन नसक्ने मजदुर, विद्यार्थी, कर्मचारी, व्यवसायीको सुविधा, दिउँसोको समयमा हुने सेवाग्राहीको चाप घटाउने र निजी क्लिनिकमा सेवा लिनुपर्ने समस्या न्यूनीकरणका लागि अतिरिक्त समयमा सेवा सञ्चालन गरिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र सुवेदीले बताउनुभयो । "समय व्यवस्थापन गर्न नसक्ने समूहलाई अस्पतालको सेवाको पहुँचमा ल्याउन अतिरिक्त समयमा बहिरङ्ग कक्ष चलाउन थालेका हौं", उहाँले भन्नुभयो, "अस्पतालमा चिकित्सकको सेवा पाएपछि निजी क्लिनिकमा जथाभावी उच्च डोजको औषधि किनेर उपभोग गर्ने र अन्तिम अवस्थामा सरकारी अस्पताल आउने समस्या न्यूनीकरण हुने अपेक्षा गरेका छौं ।" अतिरिक्त समयमा सेवा दिने चिकित्सक र स्वास्थ्यकर्मीलाई कामको आधारमा भत्ता दिने व्यवस्था मिलाइएको छ । अतिरिक्त समयमा सेवा लिएबापत सर्वसाधारणले थप शुल्क तिर्नुपर्दैन । अस्पताल व्यवस्थापन समितिमार्फत दुई जना चिकित्सक, एक जना फार्मेसी सहायक, एक जना रेडियोग्राफर र दुई जना सुरक्षा गार्ड नियुक्त गरेको छ । हाल दुई जना विशेषज्ञ चिकित्सक र पाँच जना मेडिकल अधिकृत रहेको अस्पतालले लोकसेवा आयोजबाट केही दिनमै प्राविधिक नियुक्त भएर आएपछि प्रयोगशालाको सेवा पनि सहज हुने जनाएको छ । सेवा विस्तारको शुभारम्भ गर्नुहुँदै गण्डकी प्रदेशका स्वास्थ्य तथा सामाजिक विकासमन्त्री सुशीला सिम्खडाले जनशक्ति अभाव हुन नदिने बताउनुभयो । "सीमित जनशक्ति र पूर्वाधारका बीच पनि अतिरिक्त समयमा सेवा दिने बेनी अस्पतालको कार्यक्रमलाई मन्त्रालयले पूर्ण साथ दिन्छ", उहाँले भन्नुभयो, "दरबन्दीअनुसारको पदपूर्ति गराउन बेनी अस्पतालबाटै सुरु गर्छौं । अतिरिक्त सेवा दिने कार्यक्रम अन्य अस्पतालमा पनि विस्तार गर्छौं ।" मन्त्रालयका स्वास्थ्य महानिर्देशक खिमबहादुर खड्काले गण्डकी प्रदेशमै पहिलोपटक बेनी अस्पतालले अतिरिक्त सेवा दिन थालेको र यसलाई निरन्तरता दिन मन्त्रालयले सहयोग गर्ने बताउनुभयो । बेनी नगरपालिकाका प्रमुख सुरत केसी र प्रमुख जिल्ला अधिकारी तुलसीराम पौडेलले अस्पतालले सुरु गरेको अतिरिक्त समयमा सेवा प्रवाह गर्ने कार्यलाई निरन्तरताका लागि जनशक्तिको कमी प्रमुख चुनौती रहेको बताउनुभयो ।

विसं २०७२ मा १५ बाट ५० शय्यामा क्षमता विस्तार भएको अस्पतालले अहिले १५ शय्याकै दरबन्दीबाट ७८ शय्या बराबरको सेवा सञ्चालन गर्नुपरेको छ । दैनिक दुई सयदेखि दुई सय ५० जनाले अन्तरङ्ग विभागबाट सेवा लिने गरेका छन् । अस्पतालले अन्तरङ्ग र बहिरङ्ग विभागका अलावा शल्यक्रियामार्फत प्रसूति, एपेन्डिसाइटिस, हर्नियाको उपचार, हाडजोर्नी, दन्त, आँखा, बच्चा उपचार कक्ष, हिंसा प्रभावितका लागि अल्पकालीन सेवा केन्द्र, डायलासिस सेवा सञ्चालन गर्दै आएको छ ।

# बिच भलिबलको उपाधि त्रिभुवन आर्मी क्लबलाई

रासस
काठमाडौं, ३ कार्तिक

कञ्चनपुरको महेन्द्रनगरमा जारी बिच भलिबल प्रतियोगिताको खुल्ला तर्फको उपाधि नेपाली सेनाको त्रिभुवन आर्मी क्लबले जितेको छ । शुक्रबार भीमदत्त नगरपालिका-१२ ऐरीस्थित महाकाली नदीको बगरमा भएको फाइनल खेलमा लिटिलबुद्ध एकेडेमीको टिमलाई सोझो सेटले पराजित गर्दै आर्मीले उपाधि जितेको हो ।

उपाधि उचालेसँगै आर्मीको टिम रु एक लाख नगद, ट्रफी र मेडल प्राप्त गरेको छ भने उपबिजेता लिटिलबुद्धको टिमले रु ५० हजार नगद, ट्रफी र मेडलबाट पुरस्कृत भएको छ । प्रतियोगिताको उपाधि विजेता टिमलाई सुदूरपश्चिम पृतनापति उपरथी विजय थापाले पुरस्कृत गर्नुभयो । त्यसैगरी खुलातर्फ शिवशक्ति खाद्य उद्योग झलारीको टिम तृतीय स्थान हासिल गर्दै रु २५ हजार नगदसहित पुरस्कृत भएको छ । त्यसैगरी पुरुष भेट्रानतर्फको उपाधि बेलौरी नगरपालिकाको टिमले उपाधि जितेको छ । फाइनल खेलमा सशस्त्र प्रहरी बलको टिमलाई पराजित गर्दै बेलौरी नगरपालिकाको टिमले उपाधि जित्दै रु २५ हजार नगद, ट्रफी र मेडल प्राप्त गरेको छ भने उपविजेता सशस्त्र प्रहरी बलको टिमले रु १५ हजार नगदबाट पुरस्कृत भएको छ । भेट्रानतर्फ कैलालीको फूलबारी टिम तृतीय हुँदै रु दश हजार नगदबाट पुरस्कृत भएको छ । नेपाली सेनाको श्री नं २५ बाहिनी अड्डा भगतपुर ब्यारेक र कञ्चनपुर जिल्ला भलिबल सङ्घको संयुक्त आयोजनाको भएको प्रतियोगितामा खुल्लातर्फ कुल २३ र भेट्रानतर्फ ११ टिम सहभागी थिए ।

# पुल अलपत्र पार्ने कम्पनीसँग ठेक्का तोडियो

पोखरापत्र संवाददाता
म्याग्दी, ३ कार्तिक

मुस्ताङको थासाङ गाउँपालिकाको कैकु र लार्जुङखोलामा पुल निर्माण अलपत्र बनाउने कम्पनीसँगको ठेक्का सम्झौता तोडिएको छ ।

चीन र भारत जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर बेनी-जोमसोम-कोरला सडक आयोजनाअन्तर्गत कैकुखोला र लार्जुङखोलाको पुल अलपत्र बनाउने निर्माण कम्पनीसँगको ठेक्का सम्झौता तोडिएको हो । बीस-बीस मिटर दूरीका दुईवटै पुल निर्माणको लागि विसं २०७५ मा गणपति निर्माण कम्पनीले बेनी-जोमसोम-कोरला सडक आयोजनासँग ठेक्का सम्झौता गरेको थियो । पटक-पटक ताकेता गर्दासमेत सन्तोषजनक काम गर्न नसकेर पुल अलपत्र बनाएपछि गत असोज अन्तिम हप्ता निर्माण उक्त कम्पनीसँगको ठेक्का तोडेर कारबाही प्रक्रिया अघि बढाइएको हो । केही दिनअघि मात्र सो आयोजनाबाट सरुवा हुनुभएका तत्कालीन आयोजना प्रमुख जगत् प्रजापतिले पुल अलपत्र बनाएको गणपतिसँगको ठेक्का सम्झौता तोडेर धरौटी जफत गर्नाका साथै र कालोसूचीमा राख्ने प्रक्रिया अघि बढाएको जानकारी दिनुभयो । "ठेक्का तोडेको सार्वजनिक सूचना जारी गरेका छौं", उहाँले भन्नुभयो, "जमानत बसेको बैंकमार्फत धरौटी जफत र कालोसूचीमा राख्न सार्वजनिक खरिद कार्यालयमा सिफारिस हुन्छ ।" सार्वजनिक खरिद ऐनको व्यवस्थाअनुसार बाँकी निर्माणकार्यको लागत पनि सोही ठेकेदार कम्पनीमार्फत असुलउपर गरिने भएको छ । पुरानो ठेक्का तोडेर अलपत्र पुललाई पूर्णता दिन नयाँ ठेक्का प्रक्रिया अघि बढाउने आयोजनाको तयारी छ । कैकुखोलामा २० मिटर लामो मोटरेबल पुल बनाउन रु तीन करोड २५ लाख र लार्जुङखोलाको पुलको रु तीन करोड २९ लाखमा ठेक्का सम्झौता भएको थियो । पचास-पचास प्रतिशत भौतिक प्रगति भएको दुईवटै पुलको पिलर ठड्याउने काम सकिएको छ । साँघुरो पुलबाट सवारीसाधन आवतजावत गर्ने लार्जुङखोलामा तीन वर्षयता पुल निर्माणको कुनै पनि काम नभएको स्थानीयवासीले बताएका छन् । कैकुखोलामा बर्खामा बाढी आउँदा सवारीसाधन आवतजावतमा समस्या हुने गरेको छ । त्यहाँ अस्थायी पुलमा जोखिम मोलेर सवारीसाधन वारपार गराइन्छ । गत असार महिनायता पुल निर्माणको काम नगरेका ठेकेदार कम्पनीका सञ्चालक सम्पर्कमा नआएपछि ठेक्का तोडिएको हो । पर्वतको मालढुङ्गाबाट म्याग्दी हुँदै मुस्ताङस्थित चीनको सिमाना कोरला नाका जोड्ने दुई सय दुई किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडक योजनामार्फत आठवटा पक्की पुल र तीनवटा बेलिब्रिज निर्माण सकिएका छन् । थप एक मोटरेबल पुल निर्माणका लागि ठेक्का सम्झौता भएको छ । बाह्रवटा मोटरेबल पुल निर्माणाधीन छन् । थप पाँच ठाउँमा पुल निर्माणको प्रस्ताव गरिएको छ । यो सडकलाई गण्डकी प्रदेशको 'भाग्यरेखा' मानिएको छ । सडकले पूर्वाधार, आर्थिक, व्यापारिक, जलविद्युत्, पर्यटन र धार्मिकस्थलको विकासका लागि महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । सडक दुई लेनको कालोपत्र र ग्राभेल बनाउन विसं २०७३/७४ देखि सुरु भएको योजनाको हालसम्म ७५ प्रतिशत भौतिक प्रगति भएको छ । तेह्रवटा खण्डमध्ये आठ खण्डको निर्माण सकिएको छ । म्याग्दी, मुस्ताङ र पर्वतमा निर्माणाधीन रु सात अर्ब ५५ करोड लागत अनुमान गरिएको योजनाका लागि गत आर्थिक वर्ष २०७९/८० सम्म रु छ अर्बभन्दा बढी खर्च भइसकेको छ ।